नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५
# राजविराज दैनिक
वर्ष ३५ | अंक २३० | २०८३ साल बैशाख ४ गते शुक्रबार (17 Apr 2026 Friday) | मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : के एआईले जागिर ... ३ पृष्ठमा : एआईसँग बलिउडको नयाँ ... ३ पृष्ठमा : अमेरिका-इरान वार्ताको पहलका ...

## बीमा बोर्डका कार्यकारी निर्देशक डा. पौडेलको काज फिर्तासँगै गजेन्द्र नारायण सिंह अस्पतालमा सरुवा




**दैनिक समाचारदाता**
**राजविराज, ३ बैशाख ।**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बुधबार स्वास्थ्यका ११ औं तहका ७ कर्मचारीहरूको सरुवा तथा जिम्मेवारी परिवर्तन गरेको छ।

बुधबार स्वास्थ्य तथा जनसंख्यामन्त्री निशा मेहताले मन्त्रिस्तरीय निर्णय गरी तीन वटा महाशाखाका प्रमुखहरूको सरुवा र पदास्थापन गरेकी हुन्।

मन्त्रालयको प्रशासन शाखाका अनुसार स्वास्थ्य बीमा बोर्डका कार्यकारी निर्देशक डा. कृष्णप्रसाद पौडेलको काज फिर्ता गरी गजेन्द्र नारायण सिंह अस्पतालमा सरुवा गरिएको छ। पौडेल भने स्वास्थ्य बिमा बोर्डको निमित्त निर्देशकको जिम्मेवारीमा छन्।

मन्त्रालयको समवन्य तथा गुणस्तर महाशाखाका प्रमुख डा. भीम सापकोटालाई हेटौंडास्थित किटजन्य प्रयोगशालामा पठाइएको छ भने नीति योजना महाशाखामा कार्यरत डा. चुमनलाल दासलाई नारायणी अस्पताल पर्सामा काज फिर्ता गरिएको छ।

त्यसैगरी मन्त्रालयकै समन्वय तथा गुणस्तर महाशाखाका मापन तथा गुणस्तर निरीक्षक डा. सरोज

बाँकी अन्तिम पृष्ठमा

## त्रियुगा खोलाको भङ्गालोमा घोघि टिप्न गएकी महिला मृत फेला

**दैनिक समाचारदाता**
**राजविराज, ३ बैशाख ।**

सप्तरीको सप्तकोशी नगरपालिका १० सन्तपुरस्थित त्रियुगा खोलाको भङ्गालोमा घोघि टिप्ने क्रममा डुबेर बेपत्ता भएकी एक महिलाको बिहीबार शव फेला परेको छ ।

कञ्चनरुप नगरपालिका ५ पिप्रा बस्ने बहादुर सरदारको ४५ बर्षीय श्रीमती श्रुति देवी सरदारको शव फेला परेको हो ।

घोघि टिप्ने क्रममा वेपता भएकी उनको पानीमा डुबेको अवस्थामा शव भेटिएको इलाका प्रहरी कार्यालय कञ्चनपुरले जनाएको छ ।

घटनाबारे जानकारी प्राप्त हुनासाथ सशस्त्र प्रहरी बल बेस फत्तेपुरबाट सशस्त्र प्रहरी निरीक्षक राजेश बुढाथोकीको नेतृत्वमा समेत ७ जनाको टोली परिचालन गरि खोजी कार्य गरिएको प्रहरीले जनाएको छ ।

घटनास्थल प्रहरी चौकी फत्तेपुरबाट करिब ११ किलोमिटर दक्षिण पूर्वमा पर्छ। स्थानीयवासी, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा नेपाली सेनाको संयुक्त प्रयासपछि बेपत्ता श्रुतिदेवीको शव फेला परेको हो ।

## भूपु सैनिक सम्मेलनमा चार जना सन्तानलाई सैनिक सेवामा सहभागी गराउने जितनी देवी सम्मानित




**दैनिक समाचारदाता**
**राजविराज, ३ बैशाख ।**

नेपाली सेनाको भूपु सैनिक सम्मेलन बिहीबार सम्पन्न भएको छ। सेनाले हरेक तीन/तीन वर्षमा उक्त सम्मेलन गर्दै आईरहेको छ।

सप्तरी र सिरहा जिल्लालाई लक्षित गरी श्री नं. २७ वाहिनी अड्डा अन्तरगत सिरहाको चोहर्वा स्थित श्री नन्दाबक्स गण हेड क्वाटरलाई उपकेन्द्रको रुपमा खडा गरी भूपु सैनिक सम्मेलन संचालन गरेको राजविराजस्थित सेनाको बरख गणले जनाएको छ।

सैनिकहरु बाहालमा रहदा लामो समयसम्म सेवामा रही अवकाश प्राप्ति पश्चात पुनः नेपाली सेनामा भूपु सम्मेलन

बाँकी अन्तिम पृष्ठमा

## ‘टाइम म्यागेजिन’ को १०० प्रभावशाली व्यक्तिको सूचीमा प्रधानमन्त्री शाह



काठमाडौँ, ३ वैशाख (रासस)।

प्रधानमन्त्री वालेन्द्र शाहलाई ‘टाइम म्यागेजिन’ले सन् २०२६ का लागि सार्वजनिक गरेको १०० प्रभावशाली व्यक्तिको सूचीमा समावेश गरेको छ।

म्यागेजिनले ३५ वर्षीय शाहलाई पूर्व ‘हिप-हप’ कलाकारदेखि नेपालको सबैभन्दा कान्छा प्रधानमन्त्रीसमेत भन्दै उहाँको यात्राबारे चर्चा गर्दै दक्षिण एसियाली राजनीतिमा नयाँ तरङ्ग ल्याउने व्यक्तिका रूपमा चित्रण गरेको छ।

बाँकी अन्तिम पृष्ठमा

## पेट्रोलियम पदार्थको मूल्यवृद्धि

**दैनिक समाचारदाता**
**काठमाडौँ, ३ चैत ।**

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेको छ।

निगमले बुधबार मध्यराति १२:०० बजेदेखि लागू हुने गरी डिजल, मट्टीतेल र हवाई इन्धनमा आन्तरिकतर्फ मूल्यवृद्धि गरिएको जनाएको छ।

नयाँ मूल्यसूचीअनुसार डिजल/मट्टीतेलमा प्रतिलिटर रु ३० र हवाई इन्धनमा प्रतिलिटर रु पाँच वृद्धि गरिएको छ।

परिवर्तित मूल्यअनुसार, डिजल/मट्टीतेलको प्रतिलिटर रु २३७ पुगेको छ भने हवाई इन्धनको मूल्य प्रतिलिटर रु २५६ पुगेको छ।

अन्तरराष्ट्रिय बजारमा मूल्यवृद्धि भएको र इन्डियन आयल कर्पोरेसनले पठाएको नयाँ मूल्यसूचीअनुसार हिसाब गर्दा अझै अत्यधिक घाटा रहेको निगमको दावी छ। लागत मूल्य बढी र बिक्री मूल्य कम भएकाले मूल्य समायोजन गर्दासमेत पेट्रोलमा प्रतिलिटर दुई रुपैयाँ ३२ पैसा, डिजलमा प्रतिलिटर ८७ रुपैयाँ ९९ पैसा, मट्टीतेलमा ३६ रुपैयाँ ७० पैसा र खाना पकाउने एलपी ग्यासमा प्रतिसिलिन्डर ३३१ रुपैयाँ २५ पैसा घाटा कायम रहेको निगमले जनाएको छ।

पाक्षिक रूपमा करिब रु सात अर्ब ८१ करोड ६१ लाख बराबरको घाटा रहेको निगमले जारी गरेको विज्ञप्तिमा उल्लेख गरेको छ।

**खोप लगाऔं, रोगबाट बचौं र बचाऔं।**

- सबै बालबालिकालाई तोकिएको समयतालिकाअनुसार खोप लगाऔं।
- नवजात शिशुदेखि किशोर अवस्थासम्म आवश्यक सबै खोप दिऔं।
- गर्भवती महिलाले पनि आवश्यक खोप समयमै लगाऔं।
- खोप लगाउँदा स्वास्थ्यकर्मीको सल्लाह र निर्देशन पालना गरौं।
- खोप कार्ड अद्यावधिक गरी सुरक्षित राखौं।
- नजिकको स्वास्थ्य संस्थामा उपलब्ध निःशुल्क खोप सेवाबारे जानकारी लिऔं।
- समुदायमा खोपप्रति सकारात्मक सोच विकास गरौं।
- खोप सुरक्षित, प्रभावकारी र जीवनरक्षक हुन्छ भन्ने जानकारी दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### जिल्लाको शिक्षा र स्वास्थ्यमा ध्यान पुगोस

सप्तरीको शिक्षा र स्वास्थ्य क्षेत्रको अवस्था आज पनि चुनौतीपूर्ण देखिन्छ । शिक्षा र स्वास्थ्यजस्ता संवेदनशील क्षेत्र सुदृढ नहुँदा समग्र मानव विकासमा असर परिरहेको छ । शिक्षा क्षेत्रमा हेर्दा विद्यालयको भौतिक पूर्वाधार, शिक्षकको अभाव, र गुणस्तरीय शिक्षाको कमी प्रमुख समस्या हुन् । ग्रामीण भेगका धेरै विद्यालयमा आवश्यक कक्षाकोठा, शौचालय, पुस्तकालय तथा प्रयोगशाला छैनन् । शिक्षकहरूको दरबन्दी मिलान नहुँदा कतै शिक्षक बढी त कतै अभाव देखिन्छ । विद्यार्थीहरूको सिकाइ उपलब्धि कमजोर हुनुको मुख्य कारण पनि यही अव्यवस्था हो । प्रविधिमैत्री शिक्षाको अभावले पनि विद्यार्थीहरू प्रतिस्पर्धात्मक युगमा पछाडि परिरहेका छन् ।

स्वास्थ्य क्षेत्रको अवस्था पनि त्यति नै कमजोर छ । प्राथमिक स्वास्थ्य चौकीमा आवश्यक जनशक्ति, औषधि र उपकरणको अभाव छ । धेरै बिरामीहरू सामान्य उपचारका लागि समेत बाहिर जान बाध्य छन् । ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवा अझै पहुँच बाहिर छ । सुरक्षित मातृत्व, बाल स्वास्थ्य, तथा सरुवा रोग नियन्त्रणमा अपेक्षित प्रगति हुन सकेको छैन । स्थानीय तहहरूले शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखे पनि कार्यान्वयन पक्ष कमजोर देखिन्छ ।

बजेट विनियोजन भए पनि प्रभावकारी रूपमा खर्च हुन सकेको छैन । अनुगमन र उत्तरदायित्वको अभावले सेवा प्रवाहमा सुधार आउन सकेको छैन । यस अवस्थामा सुधारका लागि दीर्घकालीन योजना, पारदर्शी बजेट व्यवस्थापन, र जनशक्ति व्यवस्थापन आवश्यक छ । तसर्थ शिक्षामा गुणस्तर वृद्धि, शिक्षक तालिम, र प्रविधिको प्रयोगमा जोड तथा स्वास्थ्य क्षेत्रमा दक्ष जनशक्ति, पर्याप्त औषधि, र आधुनिक उपकरणको व्यवस्था आवश्यक छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# के एआईले जागिर खाइदिन्छ ?

**लिलाराज भट्टराई**

काठमाडौँ, ३ वैशाख (रासस) ।

काकरभिट्टादेखि क्यालिफोर्नियासम्म एउटै प्रश्न छ के आर्टिफिशल इन्टेलिजन्स (एआई) अर्थात कृतिम बुद्धिमताले जागिर खाइदिन्छ ? यसको प्रष्ट जवाफ हो खाइदिन्छ तर एआईले होइन, एआई जान्ने मान्छेले नजान्नेको जागिर खाइदिन्छन् । नेपालका लागि असली खतरा एआई होइन–असली खतरा एआईको युगमा पनि पुरानो शीपमै अडिइरहनु हो । जसले एआईलाई अस्त्र बनाउँछ, उसका लागि यो युग, अवसरको हो । जसले आँखा चिम्लेर बस्छ, उसका लागि यो युग, विस्थापनको समय बन्न सक्छ ।

प्रश्न "के एआईले जागिर खान्छ ?" भन्ने होइन । प्रश्न हो–"के म एआईसँगै अगाडि बढ्न तयार छु ?" एउटा उदाहरण हेरौँ, एउटा सफ्टवेयर कम्पनीमा काम गर्ने एक व्यक्ति गत वर्षसम्म कन्टेन्ट राइटरको रूपमा समेत कार्यरत थिए । दिनभरि ब्लग पोस्ट, प्रोडक्ट डेस्क्रिप्सन, र मार्केटिङ कपी लेख्ने उनको काम अचानक आधा भयो–कम्पनीले च्याटजीपीटी, जेमिनाई, क्लाउडजस्ता जेनेरेटिभ एआई टुल प्रयोग गर्न थालेपछि उनको काम सँगै कमाई पनि घट्यो । पहिले पाँच जना राइटरको काम अहिले एआई जानेका दुईजनालाई पनि पुगेन ।

यो एक जना व्यक्तिको मात्र कथा होइन, यो एउटा युगको सुरुवात हो अर्थात एआईको युग । एआईका कारण काममा धेरै सजिलो भएको छ । घण्टौ लाग्ने काम मिनेटमै सकिने भएको छ । पाँचजनाले गर्ने काम एक जनाले सक्न थालिएको छ । जटिल समस्या सहजै समाधान गर्न सकिने भएको छ । जीवन झन् सहज बनाउन एआई एउटा युगान्तकारी प्रविधिका रुपमा उदाएको छ ।

**संसारभरि के भइरहेको छ ?**

विश्व आर्थिक मञ्चको अनुमान अनुसार सन् २०३० सम्ममा नौ करोड २० लाख जागिर विस्थापित हुनेछन् । मञ्चको सन् २०२५ को 'फ्युचर अफ जब्स रिपोर्ट' अनुसार विश्वभरि ४१ प्रतिशत जागिर प्रदायकहरूले अर्को पाँच वर्षमा एआई स्वचालनका कारण जनशक्ति घटाउने योजना बनाइसकेका छन् । उनीहरू पाँच वर्ष कुर्ने छैनन् किनकी परिवर्तन अहिले नै हुन थालेको देखिन्छ ।

सन् २०२५ को पहिलो छ महिनामा मात्रै ७७ हजार नौ सय ९९ प्रविधिसम्बन्धी जागिर गुमेका थिए । गोल्डम्यान स्याक्सका अनुसार एआईले विश्वभरि ३० करोड जागिर प्रभावित गर्न सक्छ, जुन विश्वको कुल रोजगारको ९.१ प्रतिशत हो ।

**कस्ता जागिर सबैभन्दा बढी जोखिममा छन् ?**

पेनसिल्भानिया विश्वविद्यालय/ओपन एआईका अनुसन्धानकर्ताका अनुसार वार्षिक ८० हजार डलरसम्म कमाउने उच्च शिक्षित वाइटकलर जब्स स्वचालनको सबैभन्दा बढी जोखिममा छन् । एआईको बढदो प्रयोगले दोहोरिरहने र नियममा आधारित जागिर जोखिममा पर्ने छन् । डाटा इन्ट्री, कलसेन्टर, ग्राहक सेवा, कन्टेन्ट राइटिङ, अनुवाद, उद्योगमा दोहोरिरहने कार्य, ग्राफिक डिजाइन, सफटवेयर प्रोगामिङ र लेखा क्षेत्रका जागिर जोखिममा पर्ने छन् ।

एक अध्यनका अनुसार बैंकिङमा ५४ प्रतिशत जागिरमा एआई स्वचालनको उच्च सम्भावना छ । कानुनी क्षेत्रमा पारालिगलहरूले सन् २०२६ सम्ममा ८० प्रतिशत जोखिम सामना गर्नुपर्ने अनुमान छ । स्वास्थ्य क्षेत्रमा मेडिकल ट्रान्सक्रिप्सन स्वचालित भइसकेको छ । ब्लुमबर्गको अनुसन्धान भन्छ कि एआईले बजार अनुसन्धान विश्लेषकका ५३ प्रतिशत र बिक्री प्रतिनिधिका ६७ प्रतिशत कार्यहरू प्रतिस्थापन गर्न सक्छ । सेल्सफोर्सका सिइओ मार्क बेनियफका अनुसार एआईले अहिले कम्पनीको आधा काम सम्हाल्न थालेको छ । यसकारण उनले चार हजारभन्दा बढी ग्राहक सेवा कर्मचारी घटाएका छन् । बिएम कम्पनिले सयौँ मानव संशाधन भूमिकाहरू एआई च्याटबोटले प्रतिस्थापन गरेको छ ।

सन् २०२५ को सुरुदेखि नै एआई-प्रभावित क्षेत्रमा काम गर्ने २० देखि ३० वर्षका युवाहरूमा बेरोजगारी झण्डै तीन प्रतिशत बिन्दुले बढ्यो । एआईले पाँच वर्षभित्र आधा प्रवेश स्तरका बौद्धिक मानिने 'वाइट कलर' जागिर हटाउन सक्ने एन्थ्रोपिकका सिइओ डारियो अमोडेईले कठोर भविष्यवाणी गरिसकेका छन् ।

**एआईले जागिर बढाउँछ**

निष्पक्ष विश्लेषणका लागि यो पक्ष पनि हेर्नु जरुरी छ । विशेषज्ञहरूका अनुसार एआईका कारण जागिर गुम्ने भन्दा सिर्जना हुने सङ्ख्या बढी हुनेछ । विश्व आर्थिक मञ्चको अनुमान अनुसार सन् २०३० सम्ममा नौ करोड २० लाख जागिर विस्थापित हुनेछन् तर एआईकै कारण १७ करोड नयाँ जागिर सिर्जना हुनेछन् । विश्वमा सात करोड ८० लाख जागिरको शुद्ध वृद्धि हुनसक्छ अर्थात एआईको बजार प्रभाव समग्रमा सकारात्मक हुनसक्छ । एआई इन्जिनियर भूमिकाहरूमा १४० प्रतिशतभन्दा बढी माग वृद्धि भइरहेको छ ।

औद्योगिक क्रान्तिले मिलमा काम गर्नेहरूलाई विस्थापित गऱ्यो तर त्यसले थप उद्योगहरू र थप रोजगारी पनि सिर्जना गऱ्यो । सन् १९७० को दशकमा कम्प्युटर क्रान्तिले धेरै रोजगारी विस्थापन गर्दा त्यो भन्दा बढी रोजगारी बढेको हामीले देखे भोगेकै हो । ३० वर्षको अन्तरमा कम्प्युटर दैनिक जीवनको हिस्सा बन्यो । सन् २०२७ सम्ममा भारतमा मात्र २३ लाख एआईसम्बन्धी नयाँ जागिर खुल्ने प्रक्षेपण गरिएको छ । त्यसैले एआई क्रान्तिले पनि रोजगार विस्थापन भन्दा बढाउने अवस्था छ ।

एक अध्ययनका अनुसार एआई सीपहरू भएका पेशेवरहरूले उही भूमिकामा सीप नभएका साथीहरूको तुलनामा ५६ प्रतिशतसम्म बढी तलब पाउँछन् । यो तथ्याङ्कले एआईसँग लड्न खोज्नुभन्दा एआई सिक्नु लाभदायक छ भन्ने एउटा स्पष्ट सन्देश दिन्छ । नेपाली फ्रिल्यान्सरहरूका लागि एउटा अभूतपूर्व अवसर खुलेको छ, सही उपकरणहरूसहित विराटनगरको एक डेभलपर वा पोखराको एक डिजिटल मार्केटरले अमेरिका वा युरोपमा उच्च पारिश्रमिकका लागि प्रतिस्पर्धा गर्न र विदेशी मुद्रा नेपाल ल्याउन सक्छन् ।

**नेपालको अवस्था के छ ?**

नेपाललाई यो प्रश्नले फरक तरिकाले छुन्छ । हाम्रो अर्थतन्त्र कृषि, पर्यटन र रेमिट्यान्समा आधारित भएकाले प्रत्यक्ष खतरा तत्काल महसुस नहुन सक्छ तर अप्रत्यक्ष असर गहिरो हुनेछ । नेपालका ६० प्रतिशतभन्दा बढी श्रमिक कृषि वा म्यानुअल कामहरूमा छन्, जसले एआई-प्रेरित जोखिम तत्काललाई सीमित राख्छ । तर बलियो डिजिटल सीप र क्षमताबिना नेपाल उच्च मूल्यको वैश्विक अर्थतन्त्रमा पछाडि पर्न सक्छ ।

नेपालमा पूर्णकालीन नियमित जागिर तीव्र रूपमा घटेका छन् भने आउटसोर्स र करार कामहरू उल्लेखनीय रूपमा बढेका छन् । नेपालको विपिओ (बिजनेस प्रोसेस आउटसोर्सिङ) क्षेत्र विशेष रूपमा संवेदनशील छ । नेपालको अर्थतन्त्र सेवा क्षेत्र, बिओपी र प्रशासनिक भूमिकाहरूमा भारी निर्भर छ–यी नै क्षेत्र स्वचालनका लागि सबैभन्दा बढी उपयुक्त छन् ।

नेपालमा सरकारले सन् २०२४-२०३४ लाई सूचना प्रविधिको दशक घोषणा गरेको छ । यसमा १५ लाख नयाँ प्राविधि जागिर र दशकभित्र ३० खर्ब नेपाली रुपैयाँको आइटी सेवा निर्यात गर्ने लक्ष्य राखेको छ । यो महत्वाकांक्षी लक्ष्य हो तर यसका लागि एआईलाई चुनौतीको रूपमा होइन, अवसरको रूपमा बुझ्नुपर्छ ।

**सरकारले के गरिरहेको छ ?**

नेपाल सरकारले राष्ट्रिय एआई नीति २०८२ आधिकारिक रूपमा अनुमोदन गरिसकेको छ । यो ढिलै भए पनि देशको डिजिटल रूपान्तरण यात्रामा एक महत्वपूर्ण उपलब्धि हो । यो नीतिले स्वास्थ्य, शिक्षा, कृषि र सार्वजनिक प्रशासन क्षेत्रमा एआईको रणनीतिक एकीकरणको कल्पना गरेको छ । नेपाल सरकारले पाँच वर्षभित्र एआई क्षेत्रमा कम्तीमा पाँच हजार जनशक्ति तयार गर्ने लक्ष्य राख्दै एआईसम्बन्धी नयाँ नीति कार्यान्वयनमा ल्याएको हो । यो नीतिले अन्तरराष्ट्रिय आधारभूत सिद्धान्त र प्रचलनसँग अनुकूल हुने गरी एआईको अनुसन्धान, विकास र प्रयोगलाई दिशानिर्देश गर्न नेपालमा एआई नियमन परिषद् स्थापना गर्ने रणनीति लिएको छ ।

एआईलाई आर्थिक तथा सामाजिक क्षेत्रमा अधिकतम उपभोग गर्ने प्रतिबद्धतासहित उक्त नीतिमा विश्वव्यापी सूचकाङ एआई रेडिनेस इन्डेक्समा नेपालको स्थानलाई शीर्ष ५०औं स्थानभित्र पुऱ्याइने उल्लेख गरिएको छ । नीतिले एआईका कारण सम्भावित जागिर गुम्ने स्थितिलाई व्यवस्थापन गर्न र यसका सामाजिक तथा आर्थिक परिणामलाई सम्बोधन गर्न संयन्त्र स्थापना गर्ने कुरा पनि उल्लेख गरेको छ । संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी)ले एआईले नेपालको विकासलाई अवसर र चुनौती दुवै दिने बताएको छ । एआईलाई मानव-केन्द्रित तथा क्षमता स्वचालित गर्नभन्दा बढाउने दिशामा विकास गर्नु जरुरी छ भन्ने कुरामा युएनडिपीले जोड दिएको छ । समग्रमा एआईले जागिर खाने नभए पहिलेको भन्दा बढी जागिर उत्पादन गर्छ भन्न सकिन्छ । यसले दोहोरिने, यान्त्रिक कामहरू हटाउँछ तर यसले मानवीय रचनाशीलता, सहानुभूति र जटिल निर्णय-क्षमता प्रतिस्थापन गर्न सक्दैन ।

# अर्थतन्त्रमा देखिएका चुनौतीलाई सम्बोधन गर्छौं : अर्थमन्त्री वाग्ले

काठमाडौँ, ३ वैशाख (रासस) ।

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले आमनागरिकको सामाजिक जीवनस्तरमा सुधार ल्याउने गरी बजेट केन्द्रित गरिने बताउनुभएको छ ।

नेपाल आर्थिक मिडिया सञ्चालक सङ्घ (इमान) का प्रतिनिधिमण्डलसँगको छलफलमा बिहीबार उहाँले उद्यमशीलताको प्रवर्द्धन, स्वदेशी उत्पादन वृद्धि र आत्मनिर्भर अर्थतन्त्र निर्माण गरी हाल देखिएका चुनौतीलाई सम्बोधन गरिने बताउनुभयो ।

अर्थमन्त्री डा वाग्लेले पुँजीको विकास, रोजगारीको समस्या, बढ्दो मूल्यवृद्धि न्यूनीकरण गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले उद्यमशीलताको प्रवर्द्धन र स्वदेशी उत्पादन वृद्धिमार्फत आत्मनिर्भर तथा सबल अर्थतन्त्र निर्माण गर्न सरकार सञ्चार क्षेत्रको सहकार्य जरुरी रहेको उल्लेख गर्नुभयो ।

अर्थमन्त्री डा वाग्लेले मुलुकमा विद्यमान भ्रष्टाचार अन्त्य गरी सुशासन कायम गर्न सबै जिम्मेवार हुने पर्ने भन्दै रोजगारी सिर्जना गर्ने विषयलाई प्राथमिकतामा राखेको बताउनुभयो ।

प्रतिनिधिमण्डलले सरकारले सबै सञ्चारमाध्यमको विकासका लागि सन्तुलित नीति अगाडि सानुपर्ने माग गरेको थियो ।

# एआईसँग बलिउडको नयाँ दौड

मुम्बई, ३ वैशाख (रासस/एएफपी)।

कृत्रिम बौद्धिकता (एआई) ले फिल्म उद्योगमा जोखिम र अवसर दुवै सिर्जना गरिरहेका बेला भारतमा भने यसै प्रविधिबाट पूर्णरूपमा बनेको पहिलो सफल बलिउड फिल्म निर्माण गर्ने प्रतिस्पर्धा तीव्र बन्दै गएको छ। यही दौडमा अग्रपङ्क्तिमा देखिएको परियोजना 'महाराजा इन डेनिम्स' अहिले विशेष चासोको केन्द्र बनेको छ।

खुशवन्त सिंहको सन् २०१४ को लोकप्रिय उपन्यासमा आधारित यो फिल्म यसै गर्मीमा प्रदर्शनका लागि तयारी अवस्थामा रहेको छ। परम्परागत फिल्म निर्माणभन्दा फरक, यसमा कलाकार, महँगो सेट वा लामो सुटिङ तालिकाको आवश्यकता नपरेको निर्माण टोलीले जनाएको छ। "यहाँ कलाकारको पारिश्रमिक छैन, ढिलाइको झन्झट छैन, सेट निर्माणको बोझ पनि छैन–यो दिमाग र मेसिनबीचको सिर्जनात्मक सहकार्य हो", सिंहले भन्नुभयो।

भारतीय फिल्म उद्योगले बर्सेनि दुई हजारभन्दा बढी फिल्म उत्पादन गर्ने क्षमतासहित एआईलाई छिटो आत्मसात गरिरहेको छ। यसको विपरीत, हलिउडमा भने एआईको प्रयोगलाई लिएर विवाद, हड्ताल र कडा



युनियन सर्तहरू देखिएका छन्। भारतमै 'चिरञ्जीवी हनुमानः द इटर्नल' र कन्नड भाषाको 'लभ यु' जस्ता परियोजनाहरू पनि एआईमा आधारित अग्रगामी प्रयासका रूपमा प्रस्तुत भइरहेका छन्।

यद्यपि, सबै परियोजनाहरू सहज छैनन्। 'नाइशा' नामक अर्को एआई फिल्म प्राविधिक समस्याका कारण निर्धारित समयमै प्रदर्शन हुन सकेन। 'महाराजा इन डेनिम्स' पनि एआई प्रविधिको तीव्र विकासका कारण बारम्बार परिमार्जन गर्नुपर्दा ढिलाइको सामना गर्न बाध्य भएको थियो। "नयाँ प्रविधि प्रयोग गर्ने लोभले पहिले तयार सामग्री पनि असन्तोषजनक लाग्छ, तर यसले लागत बढाउँछ", सिंहले स्वीकार गर्नुभयो।

सन् २०२४ मा सुरु गरिएको यस परियोजनामा सिंह र इन्टेलिफ्लिक्स स्टुडियोका सह-संस्थापक गुरदीप सिंह पालले निर्देशक र सिनेमाटोग्राफरसहित सानो टोली बनाएर काम अघि बढाउनुभएको थियो। पाल यसअघि माइक्रोसफ्टमा एआई र प्रोडक्ट विकाससँग सम्बन्धित जिम्मेवारीमा रहनुभएको थियो।

फिल्मको कथा एक किशोर वरिपरि केन्द्रित छ, जसले आफू १९औँ शताब्दीका सिख शासक महाराजा रणजीत सिंहको पुनर्जन्म भएको विश्वास गर्छ। यस्ता ऐतिहासिक र बहुपरत कथा सामान्यतया महँगो निर्माणसँग जोडिन्छन्, तर एआईले लागतलाई करिब दशौँ भागमा सीमित गरेको निर्माण पक्षको दाबी छ।

तर यथार्थपरक दृश्य निर्माण सबैभन्दा ठूलो चुनौती बनेको छ। एआई मोडेलहरू भारतीय अनुहार र सिख ऐतिहासिक पात्रहरूका लागि पर्याप्त प्रशिक्षित नभएकाले बारम्बार समस्या समाधान गर्नुपरेको थियो। "पश्चिमी कथा बनाउन सजिलो हुन्थ्यो, किनकि मोडेलहरू त्यसका लागि तयार छन्", सिंहले भन्नुभयो, "यदि चुनौती थाहा हुन्थ्यो भने सायद फरक कथा रोज्ने थियौँ।"

फिल्ममा पूर्ण एआई प्रयोग भए पनि केही मानवीय पक्ष जोगाइएको छ। विशेषगरी, सङ्गीतमा परम्परागत शैली समेटिएको छ, जसमा चर्चित गायक सुखविन्दर सिंहको स्वर रहनेछ। "भारतमा दर्शकले सङ्गीत हेर्छन्, त्यसैले यसलाई समावेश गर्नु आवश्यक हुन्छ", सिंहले भन्नुभयो।

एआई फिल्म निर्माणप्रति रुचि फिल्म उद्योगबाहिर पनि फैलिन थालेको छ। सिंहका अनुसार केही मन्दिर ट्रस्टहरूले समेत पौराणिक कथामा आधारित एआई फिल्म बनाउन प्रस्ताव पठाएका छन्।

चुनौतीहरू हुँदाहुँदै पनि सिंह एआईले फिल्म उद्योगलाई नयाँ दिशा दिने विश्वास व्यक्त गर्नुहुन्छ। "प्रविधि यसरी अघि बढ्दै जाँदा कुनै गाउँमा बसेको १८ वर्षको युवाले पनि ठूला स्टुडियोलाई चुनौती दिन सक्नेछ", उहाँले भन्नुभयो।

# जलवायुमैत्री कृषिमार्फत चुनौतीको सामना गर्दै किसान

**सुदिप राउत**

सिरहा, ३ वैशाख (रासस)।

बढ्दो खडेरी, अनपेक्षित वर्षा र भूमिगत जलस्तर घट्दै जाँदा केही वर्ष अघिसम्म लक्ष्मीपुर पतारी गाउँपालिका-४ का प्रमोदकुमार मण्डललाई आफ्नो खेत बाँझै रहला कि भन्ने चिन्ताले सताउँथ्यो। आकाशे पानीको भरमा खेती गर्ने उहाँ कहिले अतिवृष्टि त कहिले अनावृष्टिको मारमा पर्नुहुन्थ्यो, अचेल भने मण्डलको त्यो चिन्ता हटेर गएको छ। उहाँले परम्परागत खेती प्रणालीलाई त्यागेर 'जलवायुमैत्री कृषि' अपनाउनुभएको छ।

"पहिले पानी नपर्दा मल र बीउको लगानी पनि उठ्दैनथ्यो", आफ्नो अनुभव सुनाउँदै मण्डल भन्नुहुन्छ, "हाल मल्चिङ प्रविधि र थोपा सिँचाइ सुरु गरेपछि कम पानीमा पनि लटरम्म तरकारी फलेको छ। खेती गर्ने तरिका फेर्दा आम्दानी मात्र होइन, मनमा शान्ति पनि मिलेको छ।"

मण्डल परिवार तरकारी खेतीको आम्दानीबाट जीविका चलाउँदै आएको छ। विगत छ महिनादेखि प्लास्टिक घर, थोपा सिँचाइ, गँड्यौला मल, झोल मल, कीरा नियन्त्रणका लागि आवश्यक जानकारी लिई तरकारीखेती गर्दा केही सहज भएको उहाँको भनाइ छ। मण्डल भन्नुहुन्छ, "रसायनिक मल पहिलादेखि नै न्यूनीकरण गर्दै लगेका थियौँ। एक त भनेको समयमा नपाइने, पाए तापनि माटोको उर्वराशक्ति ह्रास गर्ने र उत्पादन पनि घट्ने। जैविक मलको प्रयोगले मानव स्वास्थ्यलाई पनि राम्रो हुने भएकाले यसको उपयोग गर्न थालेका छौँ।"

मण्डल परिवारले करिब साढे दुई कट्ठा जग्गाबाट पछिल्लो छ महिनामा मात्रै काउली खेतीबाट रु ४० हजार, टमाटरबाट रु ५० हजार, च्याउबाट रु २० हजार र सागसब्जीबाट रु नौ हजार आम्दानी गरिसकेको छ। उहाँले खेतीलाई वातावरण अनुकूल बनाउन तापक्रम नियन्त्रण गर्ने टनेल हाउस र सिँचाइका लागि सोलार प्रणाली जडान गरी लाभ लिइरहेको सुनाउनुभयो।

परिवर्तित खेती प्रणालीको सफलताले वैदेशिक रोजगारीमा रहेकाहरूलाई समेत स्वदेशमै भविष्य देखाएको छ। धनगढीमाई नगरपालिका-१० की अनिता महतोले यही सिजनमा तीन कट्ठामा लगाएको काउली बेचेर रु एक लाखभन्दा बढी आम्दानी गरेको बताउनुभयो। उहाँको यो प्रगति देखेपछि वैदेशिक रोजगारीमा रहनुभएका श्रीमान् जागेश्वर महतो घर फर्किएर कृषिमा साथ दिइरहनुभएको छ।

जागेश्वर भन्नुहुन्छ, "बिजुलीको झन्झट छैन, इन्धनको खर्च जोगिएको छ। घाम लागेसम्म पानीको चिन्ता हुँदैन। प्लास्टिकको घर (टनेल) भित्र गरिएको खेतीले असिना र अत्यधिक तापक्रमबाट बाली जोगाएको छ। यसले परिवारको आम्दानी मात्र होइन, आत्मनिर्भरता पनि बढाएको छ।"

आधुनिक र जलवायु उत्थानशील पद्धतिमा आबद्ध गराउन लहानस्थित 'राष्ट्रिय कृषक समूह महासङ्घ नेपाल'ले जलवायुमैत्री गाउँ परियोजनामार्फत सहयोग गरिरहेको छ। 'केयर नेपाल'को आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित यस परियोजनाले किसानलाई पाठशाला सञ्चालन गर्नेदेखि कृषि सामग्री उपलब्ध गराउनेसम्मका काम गरिरहेको संस्थाका लक्ष्मीपुर पतारीका 'फिल्ड सुपरीवेक्षक' उमेश नन्दन चौधरीले जानकारी दिनुभयो।

उहाँका अनुसार किसानलाई माटो बचाउँदै खेती गर्ने प्रणालीबारे सिकाइएको छ। पालिकाका छमध्ये पाँच वटा वडामा महिला कृषक समूह गठन गरी गोठ सुधार कार्यक्रम, गँड्यौला मल उत्पादन तथा बोरिङ, फोहोरा सिँचाइ, आधुनिक चुलो र जलवायुमैत्री बीउबिजन वितरण गरिएको छ।

यस्तै, धनगढीमाई नगरपालिकाका क्षेत्रगत सुपरिवेक्षक रबिन साहले पनि नमूना किसान समूह निर्माण गरी किसानलाई यस प्रविधितर्फ आकर्षित गरिएको जानकारी दिनुभयो।

परियोजनाका वरिष्ठ कार्यक्रम अधिकृत ईश्वर थापाका अनुसार यो कार्यक्रम यहाँका धनगढीमाई नगरपालिका, लक्ष्मीपुर पतारी, भगवानपुर र सखुवानन्कारकट्टी गाउँपालिका गरी चार स्थानीय तह तथा सप्तरीका रुपनी र अग्निसाइर कृष्णासवरन गाउँपालिकामा सञ्चालित छ। यी छ वटा पालिकामा जलवायु उत्थानशील कृषक समुदायको विकास गर्ने लक्ष्यका साथ काम भइरहेको उहाँले बताउनुभयो।

"हरित गृह ग्यास उत्सर्जनलाई न्यूनीकरण गर्ने र महिलाको कार्यबोझ कम गर्दै क्षमता अभिवृद्धि गर्ने परियोजनाको मुख्य उद्देश्य हो", थापा भन्नुहुन्छ, "यस प्रदेशमा जलवायु उत्थानशील कृषक समुदायको विकास गर्न हामीले ७० प्रतिशत संस्थाको र ३० प्रतिशत स्थानीय किसानको लागत साझेदारीमा काम गरिरहेका छौँ। यसले किसानमा अपनत्वको बोध पनि गराइरहेको छ।"

उहाँका अनुसार, हालसम्म यी पालिकाहरूमा ५१८ घरधुरी लाभान्वित हुने गरी ९३ वटा भूमिगत सिँचाइ प्रणाली (बोरिङ) जडान गरिएका छन् भने ५०० वटा महिला समूह क्रियाशील छन्।

उत्पादनको बजारीकरणका लागि पनि यहाँ योजनाबद्ध रूपमा काम भइरहेको छ। हाल सिरहाको लक्ष्मीपुर पतारीमा कृषक समूहले मानकीदेवी मोची र गीतादेवी मण्डललाई तरकारी बिक्रीको जिम्मा दिएर उत्पादनको उचित बजार र मूल्यका लागि प्रयास गरिएको छ। "उपभोक्ताले ढुक्कसँग अर्ग्यानिक तरकारी किन्न पाएका छन्। फलानो ठाउँको तरकारी भनेपछि अहिले सबैले रासायनिक मल र विषादी नहालेको भनेर चिनिहाल्छन्", परियोजनाका वरिष्ठ कार्यक्रम अधिकृत थापाले भन्नुभयो।

उहाँका अनुसार जलवायुमैत्री कृषि प्रणालीले मुख्यतया तीनवटा कुरामा जोड दिन्छः पानीको उचित व्यवस्थापन, माटोको स्वास्थ्य सुधार र अनुकूलित बीउको प्रयोग। थापा भन्नुहुन्छ, "यो प्रणाली अपनाउँदा उत्पादन लागत ३० देखि ४० प्रतिशतसम्म घट्छ र प्रतिकूल मौसममा पनि उत्पादनलाई स्थिर बनाउन मद्दत पुग्छ।"

जलवायुमैत्री कृषिको महत्त्व बढ्दै जाँदा सरकारले पनि यसलाई विशेष प्राथमिकता दिएको छ। सरकारले भर्खरै सार्वजनिक गरेको 'शासकीय सुधारका १०० कार्यसूची' मा समेत माटोमा कार्बन बढाउने विषयलाई समेटेको छ। माटोमा कार्बनको सञ्चिति बढ्दा पोषक तत्वहरूको चुहावट कम हुने, सिँचाइपछि लामो समयसम्म चिस्यान कायम रहने र जराको फैलावटमा वृद्धि हुने गरेको जानकारहरू बताउँछन्। यसले माटोमा हावाको सञ्चार राम्रो बनाउनाका साथै सूक्ष्म जीवहरूको सङ्ख्या बढाई पारिस्थितिकीय प्रणालीमा खाद्य चक्र सन्तुलन राख्छ, जसले अन्ततः माटोको भौतिक, रासायनिक र जैविक गुणमा सुधार ल्याई जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न मद्दत पुऱ्याउने गरेको सुपरिवेक्षक साहले बताउनुभयो।

खडेरी र कीराको प्रकोप जस्ता समस्या झेल्दै आएका यहाँका किसानका लागि '(जलवायुमैत्री कृषि' पद्धति 'वरदान' साबित हुँदै गएको छ। यद्यपि, सबै किसानसम्म यी प्रविधि पुगेका छैनन्। अग्रणी किसानको सफलताले अन्य कृषकलाई पनि यसतर्फ लाग्न प्रेरित भने गरिरहेको छ।

## विश्व समाचार

### अमेरिका-इरान वार्ताको पहलका लागि पाकिस्तानी प्रधानमन्त्री कतारमा

दोहा, ३ चैत (रासस/एएफपी)।

संयुक्त राज्य अमेरिका र इरानबीचको युद्धविरामको प्रमुख मध्यस्थकर्ता पाकिस्तानका प्रधानमन्त्री बिहीबार कतार आइपुग्नुभएको छ। वासिङ्टन र तेहरानबीच दोस्रो चरणको शान्ति वार्ताको लागि वातावरण बनाउन उहाँले बुधबार साउदी अरबका उच्च पदस्थ अधिकारीसँग भेटवार्ता गर्नुभएको थियो। शहबाज सरिफको कार्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "साउदी अरबको भ्रमणपछि उहाँको प्रतिनिधिमण्डल दोहा आइपुगेको छ र उहाँले कतारका अमिर शेख तमिम बिन हमाद अल थानीसँग भेट्ने अपेक्षा गरिएको छ।" क्षेत्रीय र विश्वव्यापी शान्तिका लागि पाकिस्तानले गरिरहेको प्रयासबारे उनीहरुले विचार आदानप्रदान गर्ने उहाँको कार्यालयले जनाएको छ। पाकिस्तानी प्रधानमन्त्रीले सरिफले मध्यपूर्वको भ्रमणपछि टर्कीए जाने कार्यक्रम तय भएको छ। गत सप्ताहन्तमा इस्लामावादमा अमेरिकी र इरानी प्रतिनिधिमण्डलहरूबीच भएको उच्चस्तरीय वार्ताबाट कुनै सम्झौता हुन सकेको थिएन। अप्रिल ७ मा दुई हप्ताको युद्धविराम सुरु भएपछि मध्यपूर्वमा युद्ध स्थायी रूपमा अन्त्य गर्ने सम्बन्धमा पाकिस्तानमा भएको वार्ताले तत्काल कुनै सहमत गर्न विफल भएको थियो। इरानमाथि अमेरिका र इजरायलको आक्रमणका कारण फेब्रुअरीको अन्त्यतिर सुरु भएको युद्धको प्रारम्भमा कतारको ऊर्जा पूर्वाधारमा इरानको आक्रमणका कारण दोहाले तरलीकृत प्राकृतिक ग्यास (एलएनजी) उत्पादन रोक्न बाध्य भएको थियो। इरानसँग विशाल दक्षिणी पार्स ग्यास क्षेत्रमा साझा सिमा रहेको अमेरिका, अष्ट्रेलिया र रूसको साथ एलएनजीको प्रमुख उत्पादकहरू मध्ये एक हो। कतार पाकिस्तानलगायत एसियाली राष्ट्रहरूको लागि एक प्रमुख आपूर्तिकर्ता हो।

### भारतमा महिला आरक्षण विधेयक बहसमा

नयाँदिल्ली, ३ वैशाख (रासस/एपी)।

भारतको संसद्मा महिलाका लागि एक तिहाइ सिट आरक्षण सुनिश्चित गर्ने ऐतिहासिक विधेयकमाथि बिहीबारदेखि बहस सुरु भएको छ। यस कदमले महिलाको राजनीतिक प्रतिनिधित्व बढाउने अपेक्षा गरिए पनि निर्वाचन क्षेत्र पुनः सीमाङ्कनसँग जोडिएकाले देशको राजनीतिक सन्तुलनमा गहिरो प्रभाव पार्न सक्ने बहस चर्किएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले अघि बढाउनुभएको यो प्रस्ताव पारित भएमा संसद् र राज्य विधानसभामा महिलाका लागि ३३ प्रतिशत सिट अनिवार्य गर्ने सन् २०२३ को कानूनलाई व्यवहारमा छिटो लागू गर्नेछ। यो स्वतन्त्रता पछिको भारतमा राजनीतिक प्रतिनिधित्वमा सबैभन्दा ठूलो संरचनात्मक परिवर्तनमध्ये एक मानिनेछ, जसले महिलाको सहभागिता उल्लेख्य रूपमा बढाउने सम्भावना देखिएको छ। तर, यही विधेयकलाई मतदाताको सिट सीमा पुनः निर्धारणसँग जोडिएको अर्को विवादास्पद प्रस्तावले जटिल बनाएको छ। उक्त पुनः सीमाङ्कन लागू भएमा लोकसभाको सिट सङ्ख्या हालको ५४३ बाट बढेर करिब ८५० पुग्न सक्ने अनुमान गरिएको छ। यस विषयले राजनीतिक वृत्तमा तीव्र बहस जन्माएको छ। संसद्मा महिला आरक्षणप्रति व्यापक द्विदलीय समर्थन देखिए पनि निर्वाचन सीमाङ्कनसम्बन्धी प्रस्तावले विपक्षी दलहरूको गम्भीर चिन्ता बढाएको छ। उनीहरूले जनसङ्ख्याका आधारमा सिट पुनः निर्धारण हुँदा राजनीतिक शक्ति उत्तरी राज्यतर्फ केन्द्रित भई सत्तारूढ भारतीय जनता पार्टीलाई फाइदा पुग्न सक्ने आरोप लगाएका छन्। यो विधेयक संसद्को तीन दिने विशेष सत्रमा छलफलमा रहेको छ र पारित हुन दुवै सदनमा दुई तिहाइ बहुमत आवश्यक पर्नेछ। एसियाली क्षेत्रका नेपाल र बङ्गलादेशजस्ता देशहरूले राष्ट्रिय संसद्मा महिलाका लागि यस्तै कोटा प्रणाली अपनाइसकेका छन्। भारतले स्थानीय निकायमा एक तिहाइ महिला आरक्षण लागू गरिसकेको भए पनि राष्ट्रिय संसद्मा महिलाको प्रतिनिधित्व हाल करिब १४ प्रतिशत मात्र छ।

समर्थकहरूले यो आरक्षणले सयौं महिलालाई प्रत्यक्ष रूपमा विधायिकी राजनीतिमा ल्याउने र महिला स्वास्थ्य, शिक्षा तथा लैङ्गिक हिंसासम्बन्धी नीतिमा सकारात्मक परिवर्तन ल्याउने दाबी गरेका छन्। तर विस्तारित संसद्मा सिट बाँडफाँट कसरी गर्ने भन्ने विषय अझै स्पष्ट छैन। महिला अधिकारकर्मी रञ्जना कुमारीले यो कदमलाई भारतको लोकतन्त्रलाई अझ प्रतिनिधिमूलक बनाउने अवसरका रूपमा व्याख्या गर्नुभयो। उहाँका अनुसार राजनीतिक दलहरू अब थप महिला उम्मेदवार खडा गर्न बाध्य हुनेछन्। "ढोका अलि खुला भएको छ, महिलाहरू विस्तारै भित्र पस्नेछन् र अन्ततः त्यो ठाउँ भरिनेछ", उहाँले भन्नुभयो। युवापुस्तामा पनि यो प्रस्तावले उत्साह जगाएको छ। २३ वर्षीया कानून स्नातक प्रणिता गुप्ताले यसले महिलालाई राजनीतिमा सक्रिय हुने आत्मविश्वास दिने बताउनुभयो। उहाँका अनुसार संसद्मा महिलाको उपस्थितिले सहभागिताको सोचलाई नै परिवर्तन गर्न सक्छ। तर सबैभन्दा ठूलो विवाद निर्वाचन क्षेत्र पुनः सीमाङ्कन प्रक्रियामा केन्द्रित छ, जुन सन् २०११ को जनगणनाको आधारमा अघि बढाइने भनिएको छ। यसले लामो समयदेखि रोकिएको निर्वाचन क्षेत्रहरूको सीमाङ्कन (कुन क्षेत्रबाट कति सांसद चुनिने भन्ने भूगोल पुनः निर्धारण गर्ने प्रक्रिया) फेरि सुरु हुन सक्ने देखिएको छ। विपक्षी दलहरूले जनसङ्ख्याका आधारमा सीमाङ्कन गर्दा शक्ति सन्तुलन उत्तर भारततर्फ झुक्ने र दक्षिणी राज्यहरूको प्रतिनिधित्व घट्ने चेतावनी दिएका छन्। उनीहरूको भनाइमा यसले राजनीतिक प्रभाव मात्र नभई क्षेत्रीय असन्तुलन पनि बढाउन सक्छ। साथै, यो प्रक्रिया सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) को पक्षमा अनुकूल हुन सक्ने आरोपसमेत लगाइएको छ। भारतको संविधानले प्रत्येक जनगणनापछि सिट पुनः निर्धारण गर्नुपर्ने व्यवस्था गरेको भए पनि सन् १९७१ यता यो प्रक्रिया रोकिएको छ। लगातार सरकारहरूले जनसङ्ख्या असन्तुलनका कारण यसलाई स्थगित गर्दै आएका थिए। दक्षिणी राज्यका नेताहरूले पनि आपत्ति जनाउँदै यसले ती क्षेत्रहरूलाई राजनीतिक रूपमा कमजोर बनाउने र उत्तर भारतलाई असमान रूपमा फाइदा दिने बताएका छन्। जनसङ्ख्या नियन्त्रणमा सफलता हासिल गरेका दक्षिणी राज्यहरू यस प्रक्रियाबाट दण्डित हुन सक्ने उनीहरूको दाबी छ। राजनीतिक प्रतिक्रिया तीव्र बन्दै गएको छ। सत्तारूढ पक्षले भने आलोचनालाई अस्वीकार गर्दै संसदीय मामिलामन्त्री किरेन रिजिजुले चिन्ताहरूलाई भ्रामक बताउनुभयो। तर विरोधका सङ्केतहरू सार्वजनिक रूपमा देखिन थालेका छन्। तमिलनाडुका मुख्यमन्त्री एम. के. स्टालिनले विधेयकको प्रतिलिपि जलाउँदै कालो झण्डासहित विरोध जनाउनुभएको छ र राज्यव्यापी विरोध आह्वान गर्नुभएको छ। दक्षिणी राज्यका केही सांसदहरू संसद्मा कालो पोशाकमा उपस्थित भएर असन्तोष प्रकट गरेका छन्। विपक्षी नेता राहुल गान्धीले पनि सीमाङ्कन प्रक्रियालाई सत्तारूढ दलको राजनीतिक लाभका लागि प्रयोग गर्न सकिने भन्दै आलोचना गर्नुभयो। उहाँले यसलाई पारदर्शी र सर्वसम्मत प्रक्रियामार्फत मात्र अघि बढाउनुपर्ने बताउनुभयो।

# आर्थिक अपराध नियन्त्रणमा प्रहरी सक्रिय, एक महिनामा एक हजार १६६ मुद्दा दर्ता

काठमाडौँ, ३ चैत (रासस)।

जिल्ला प्रहरी परिसर काठमाडौँले एक महिना (चैत) को अवधिमा एक हजार १६६ वटा मुद्दा दर्ता गरेको छ। त्यसमा जघन्य अपराधका २१४, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित ४६, आर्थिक अपराधका ५६४ र अन्य अपराधका ३४२ मुद्दा छन्। छन्।

यस्तै, सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरका दुईवटा मुद्दामा तीन जनालाई प्रतिवादी बनाई रु २२ करोड ७५ लाख ९६ हजार ४८८ बराबरको बिगो दाबी गरेर मुद्दा दर्ता गरिएको परिसरका प्रवक्ता पवनकुमार भट्टराईले जानकारी दिनुभयो।

यसैगरी, परिसरले हुण्डी कारोबार नियन्त्रणलाई पनि प्रभावकारी रूपमा अगाडि बढाउँदै चैत महिनामा तीन वटा मुद्दामा सात जनालाई प्रतिवादी बनाएको छ। उक्त मुद्दामा रु एक करोड ५६ लाख बराबरको बिगो दाबी गरिएको छ।

प्रहरीले नागार्जुन नगरपालिका-८ भीमढुङ्गाबाट हुण्डी तथा अभौतिक मुद्राको कारोबार गर्ने दुई जनालाई रु एक करोड १६ लाख बराबरको नगद र अन्य सामानसहित पक्राउ गरेको उल्लेख गरेको छ। उनीहरूलाई नियन्त्रणमा लिई अभौतिक मुद्रा र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा अनुसन्धान भइरहेको प्रवक्ता भट्टराईले बताउनुभयो।

यसैगरी, काठमाडौँ महानगरपालिका २६ ठमेलबाट रु १७ करोड ७९ लाख ७० हजार ३७१ बराबरको अभौतिक मुद्राको कारोबार गर्ने चिनियाँ नागरिकलाई पक्राउ गरिएको उहाँले जानकारी दिनुभयो।

यस्तै, एक महिनाको अवधिमा हराएका २७३ मानिसमध्ये १५९ जनालाई फेला पारी परिवारको जिम्मा लगाइएको छ। विविरणअनुसार साइबर अपराध तथा ठगीतर्फ कुल २६१ वटा मुद्दा दर्ता भएका छन्। तीमध्ये अनलाइन सपिङको नाममा भएका ठगीसँग सम्बन्धित एक सय मुद्दा छन्।

# जेनजी अन्दोलनको प्रतिवेदन कार्यान्वयन गर्न ‘सुरक्षा संयन्त्र’ का हकमा अध्ययन समिति गठन

काठमाडौँ, ३ वैशाख (रासस)।

सरकारले गत भदौ २३ र २४ गतेको घटनाको जाँचबुझ गर्न गठित आयोगले पेस गरेको प्रतिवेदन कार्यान्वयनबारे सुरक्षा संयन्त्रको हकमा अध्ययन गरी सिफारिस गर्न समिति गठन गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा बुधबार बसेको मन्त्रिपरिषद्को बैठकले उच्च अदालतका पूर्वन्यायाधीश प्रेमराज कार्कीको संयोजकत्वमा तीन सदस्यीय समिति बनाउने निर्णय गरेको सरकारका प्रवक्तासमेत रहनुभएका शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले जानकारी दिनुभयो।

समितिको सदस्यमा सशस्त्र प्रहरी बलका पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक सुबोध अधिकारी र नेपाल प्रहरीका पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक टेकप्रसाद राई रहनुभएको छ।

मन्त्रिपरिषद्को बैठकले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप कोषमा स्वीट्जरल्याण्ड सरकारबाट प्राप्त हुने एक मिलियन स्वीस फ्रान्क अनुदान सहायता प्राप्त गर्ने निर्णय गरेको शिक्षामन्त्री पोखरेलले बताउनुभयो।

बैठकले नेपाल र भारतबीच फौजदारी विषयमा पारस्परिक कानुनी सहायतासम्बन्धी सम्झौता २०८२ फागुन ५ मा हस्ताक्षर गरी स्वीकार गरिएको सूचना जानकारीका लागि प्रतिनिधिसभामा पेस गर्ने निर्णय पनि गरेको छ।

मन्त्रिपरिषद् बैठकले आन्तरिक राजस्व विभागको उपमहानिर्देशक, निर्देशक र शाखा अधिकृत, ठूला करदाता कार्यालय तथा मध्यमस्तरीय करदाता कार्यालयको प्रमुख कर प्रशासक, प्रमुख कर अधिकृत र कर अधिकृत, आन्तरिक राजस्व कार्यालयका प्रमुख कर अधिकृत र कर अधिकृत तथा ५२ वटा कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख कोष नियन्त्रक वा कोष नियन्त्रकलाई तोकिएको क्षेत्र हेर्ने गरी अन्तःशुल्क अधिकृतको रूपमा तोक्ने निर्णय पनि गरेको छ।

यस्तै, मन्त्रिपरिषद् बैठकले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणसम्बन्धी राष्ट्रिय मापदण्ड २०८२ स्वीकृत गर्नुका साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (तेस्रो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने निर्णयसमेत गरेको छ।

# दश हजारभन्दा बढी अनलाइन सट्टेबाजी एप र वेबसाइट बन्द

काठमाडौँ, ३ वैशाख (रासस)।

अनलाइन सट्टेबाजीसँग सम्बन्धित १० हजारभन्दा बढी एप्लिकेसन (एप) र वेबसाइट (यूआरएल) बन्द गरिएको छ। नेपाल दूरसञ्चार प्राधिकरणका उपनिर्देशक सूर्यप्रसाद लामिछानेका अनुसार अवैध रूपमा सञ्चालनमा रहेका सट्टेबाजीसम्बन्धी एप तथा वेबसाइटहरू पहिचान गरी बन्द गरिएको हो।

“सबैजसो इन्टरनेट सेवा प्रदायकले हालसम्म १० हजारभन्दा बढी यस्ता एप र वेबसाइट बन्द गरिसकेको जानकारी गराएका छन्। नेपाल टेलिकमले सबैभन्दा धेरै २१ हजारभन्दा बढीको सङ्ख्यामा बन्द गरेको छ, यस्ता एप र वेभसाइट निरन्तर पहिचान गर्ने र बन्द गर्ने क्रम चलिरहेको छ”, लामिछानेले रासससँग भन्नुभयो।

सरकारको शासकीय सुधारसम्बन्धी निर्णय कार्यान्वयनका क्रममा नेपाल दूरसञ्चार प्राधिकरणले इन्टरनेट सेवा प्रदायकसँगको समन्वयमा यस्तो कदम चालेको हो। मन्त्रिपरिषद्को यही चैत १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीमध्ये बुँदा नम्बर ४२ मा सट्टेबाजीसम्बन्धी एप तथा वेबसाइट २४ घण्टाभित्र बन्द गर्ने व्यवस्था गरिएको छ।

सोही निर्णयअनुसार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले चैत १५ गते मन्त्रीस्तरबाट नेपाल दूरसञ्चार प्राधिकरणलाई आवश्यक निर्देशन दिएको थियो। उक्त निर्देशनपछि प्राधिकरणले इन्टरनेट सेवा प्रदायकसँग समन्वय गरी विद्युतीय माध्यममार्फत सञ्चालन भइरहेका सट्टेबाजीसम्बन्धी सबै पहिचान भएका एप तथा वेबसाइट तत्काल बन्द गरेको जनाएको छ।

मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ को उपदफा (४) अनुसार कसैले सट्टेबाजी गर्न वा गराउन नपाइने व्यवस्था छ। उक्त प्रावधान उल्लङ्घन गरेमा सोही दफाको उपदफा (६) अनुसार प्रयोग भएको रकम जफत गरी एक वर्षसम्म कैद तथा रु १० हजारसम्म जरिवाना हुनसक्ने व्यवस्था छ।

त्यसैगरी, विज्ञापन (नियमन गर्ने) ऐन, २०६६ ले समेत जुवा खेल्न वा खेलाउन तथा अनुमति नलिएको चिट्ठा किन्न-किनाउन प्रोत्साहन गर्ने किसिमका विज्ञापन गर्न निषेध गरेको छ। सो विपरीत कसुर गरेमा प्रचलित कानुनअनुसार सजाय हुने र अन्यथा एक वर्षसम्म कैद तथा रु १० हजारसम्म जरिवाना हुने प्रावधान रहेको छ।

सरकारले नेपालभर सञ्चालनमा रहेका सट्टेबाजी एप तथा वेबसाइट प्रयोग नगर्न तथा सञ्चालन नगर्न आग्रह गरेको छ। साथै, कसैले अनधिकृत रूपमा यस्ता गतिविधि सञ्चालन वा प्रयोग गरेको पाइएमा सम्बन्धित निकायबाट कडा कानुनी कारबाही गरिने चेतावनीसमेत दिइएको छ।

प्राधिकरणले नागरिकलाई सचेत रहन, यस्ता अवैध डिजिटल गतिविधिबाट टाढा रहन तथा कुनै पनि शङ्कास्पद एप वा वेबसाइटबारे जानकारी भएमा सम्बन्धित निकायमा सूचित गर्न आग्रह गरेको छ।

# पर्सामा नागरिकतासँगै राष्ट्रिय परिचयपत्र

पर्सा, ३ वैशाख (रासस)।

जिल्ला प्रशासन कार्यालय पर्साले बिहीबारदेखि नयाँ नागरिकता प्राप्त गर्नासाथ राष्ट्रिय परिचयपत्रका लागि ‘बायोमेट्रिक’लिने व्यवस्था सुरुआत गरेको छ।

प्रमुख जिल्ला अधिकारी भोला दाहालले नयाँ नागरिकता लिने सेवाग्राहीलाई तत्कालै राष्ट्रिय परिचयपत्रको लागि ‘बायोमेट्रिक’ लिने व्यवस्था सुरुआत गरेको जानकारी दिनुभयो। “जिल्ला प्रशासन कार्यालयले नयाँ नागरिकता लिने सेवाग्राहीको लागि छुट्टै राष्ट्रिय परिचयपत्रको बनाउने स्टेशन थप गरेर बायोमेट्रिक लिने व्यवस्था गरेका छौँ”, उहाँले भन्नुभयो, “यसअघि नागरिकता लिएपछि राष्ट्रिय परिचयपत्र बनाउनको लागि फेरि नयाँ प्रक्रियाबाट अघि बढ्दा सेवाग्राही दोहोरो आउनुपर्ने झन्झट हुने गर्थ्यो। अबदेखि भने नयाँ नागरिकता बनाउने सेवाग्राहीको तत्कालै राष्ट्रिय परिचयपत्र बन्ने वातावरण बनेको छ। यसले पक्कै पनि सेवाग्राहीलाई सेवा प्राप्त गर्न सहज हुनेछ।”

प्रजिअ दाहालले नयाँ नागरिकता लिएका सेवाग्राहीले कम्तीमा १० मिनेटको समय दिएर ‘बायोमेट्रिक’ दिएपछि राष्ट्रिय परिचयपत्र पनि प्राप्त गर्न सक्नुहुनेछ। पर्सा जिल्लाबाट दैनिक नयाँ नागरिकता लिने सेवाग्राहीको सङ्ख्या ५० देखि ६० जना रहेका छन्। यहाँ एकद्वार प्रणालीबाट नागरिकता र राष्ट्रिय परिचयपत्र वितरण हुँदै आइरहेको कार्यालयले जनाएको छ। प्रजिअ दाहालले प्रतिलिपि नागरिकता लिनेको हकमा भने केही समयपछि मात्रै सो व्यवस्था कार्यान्वयनमा आउने दाबी गर्नुभयो।

# इरानमा पक्राउ परेका नेपाली नागरिक झा रिहा

काठमाडौँ, ३ वैशाख (रासस)।

पश्चिम एसियामा द्वन्द्वका क्रममा इरानमा पक्राउ परेका नेपाली नागरिक अमृत झा रिहा हुनुभएको छ।

गत चैतको पहिलो साता इरानको होर्मुज क्षेत्रबाट इरानी सेनाको कब्जामा पर्नुभएका उहाँ बुधबार रिहा हुनुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ। परराष्ट्रमन्त्री शिशिर खनालका अनुसार झा इरानमा रहेको नेपाली अवैतनिक महावाणिज्य दूतावास तथा कतारस्थित नेपाली दूतावासको सम्पर्कमा हुनुहुन्छ।

नेपाली अधिकारीको टोली उहाँलाई इरानबाट बाहिर ल्याउन काम गरिरहेको मन्त्री खनालले उल्लेख गर्नुभएको छ।

### *भूपु सैनिक ...*

मार्फत जोडिन सप्तरी जिल्लाबाट ३ सय ५२ जना भूपु सैनिकहरुको सहभागिता रहेको थियो।

उक्त सम्मेलनमा नेपाली सेनामा आफ्नो चार जना सन्ततिलाई नेपाली सैनिक सेवामा सहभागी गराउने जितनी देवी ठाकुरलाई समेत नेपाली सेनाले सम्मान गरिएको बरख गणका गणपति सोभित बहादुर चन्दले जानकारी दिए।

सप्तरी जिल्ला अन्तरगत रहेका भूपू सैनिकहरु मध्ये ४ जनालाई ह्वील चियर, १ जनालाई बैसाखी, १ जनालाई ब्लाईड स्टिक प्रदान तथा एक जना भूपू सैनिक आश्रित परिवारलाई लघुवित्त ऋण सुविधाबाट १५ लाखको चेक हस्तान्तरण गरिएको बरख गणका गणपति चन्दले जनाए।

सो अवसरमा सप्तरीको बरख गण तथा सिरहाको नन्दाबक्स गणको उल्लेखनिय भुमिका रहेको छ। भूपु सैनिक सम्मेलनको मुख्य केन्द्र महोत्तरीको बर्दिवासस्थित मध्य पूर्वी पृतना हेड क्वाटर रहेको छ।

### *बीमा बोर्डका ...*

शर्मालाई वीर अस्पताल काज फिर्ता पठाइएको छ। शर्मा मन्त्रालयअघि वीर अस्पतालमा कार्यरत थिए।

यस्तै राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रकी निर्देशक यशोदा अर्याल, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. रोशन न्यौपाने र हाले डा. गुणनिधि शर्मालाई मन्त्रालयमा पदस्थापनका लागि बोलाइएको छ। उनीहरूको जिम्मेवारी कुन महाशाखाका भन्ने यकिन भइसकेको छैन।

### *‘टाइम म्यागेजिन’ ...*

प्रधानमन्त्री शाहको उदय युवापुस्ताको समर्थन र पुराना राजनीतिक दल तथा संरचनाप्रतिको असन्तुष्टिको परिणाम भएको म्यागेजिनले जनाएको छ।

काठमाडौँ महानगरपालिकाका प्रमुख रहँदा फोहोर व्यवस्थापन, शिक्षा र स्वास्थ्य क्षेत्रमा गरेका सुधारको चर्चा गर्दै प्रधानमन्त्रीको जिम्मेवारीमा शाहप्रतिको नेपाली जनताको विश्वाससँगै प्रभावकारी नेतृत्व निर्वाहको अपेक्षाबारे पनि चर्चा गरिएको छ।

सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।

हाम्रो सेवाहरू:

१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*